आज मिति २०७७ साल फाल्गुन महिनाको १७ गते सोमबार दिनको ठिक १:०० बजे यस बरियारपट्टी गाउँ कार्यपालिकाको अध्यक्ष श्री सन्तोष कुमार महतोज्युको अध्यक्षतामा तपसिलको महानुभावहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सन्तोष कुमार महतो | अध्यक्ष | |
| २. | श्रीमति रेखा कुमारी यादव | उपाध्यक्ष | |
| ३. | श्री नेबालाल यादव | अध्यक्ष वडा नं. १ | |
| ४. | श्री विजय कुमार महतो | अध्यक्ष वडा नं. २ | |
| ५. | श्री अनन्त लाल यादव | अध्यक्ष वडा नं. ३ | |
| ६. | श्री नबिन कुमार यादव | अध्यक्ष वडा नं. ४ | |

| | | | |
|---|---|---|---|
| ७. | श्रीमति ममता कुमारी यादव | अध्यक्ष, वडा नं. ५ | |
| ८. | श्रीमती सरोज देवी राय | कार्यपालिका सदस्य | |
| ९. | श्रीमती रिता देवी चमार | कार्यपालिका सदस्य | |
| १०. | श्रीमती शान्ति देवी मण्डल | कार्यपालिका सदस्य | |
| ११. | श्री चन्दन कुमार सिंह | कार्यपालिका सदस्य | |
| १२. | श्री सुरेन्द्र ठाकुर | कार्यपालिका सदस्य | |
| १३. | श्री रंजित जंग अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |
| १४. | श्री काशिन्द्र कुमार यादव (आमन्त्रित) | सुचना प्रबिधि अधिकृत | |
| १५. | श्री योगेन्द्र यादव (आमन्त्रित) | रोजगार संयोजक | |

प्रस्तावहरु :

१. १५ सैयाको अस्पताल सम्बन्धमा

२. आयुर्वेद अस्पताल उदघाटन सम्बन्धमा ।

३.स्थानिय लोगो सम्बन्धमा ।

४.स्थानिय निर्देशक समिति गठन सम्बन्धमा ।

५. व्यवसाय दर्ता सम्बन्धमा ।

६. नाँया बाटो निर्माण सम्बन्धमा ।

७. योजनाको कार्यान्वयन हुने स्थान तोकने सम्बन्धमा ।

८. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा १५ सैया अस्पताल निर्माण सम्बन्धी छलफलको लागि मिति २०७७/११/२१ गते सार्वजनिक सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आयुर्वेद ~~अस्पताल~~ "औषधालय" उदघाटन संचालन गर्ने नेपाल सरकार वित्तिय समानिकरण बजेट अनुदान चालु खर्च जनचेतनामुलक कार्यक्रम संशोधन हुनेगरि उपयुक्त शिर्षक कायम गरि रु. १०००००/- को व्यवस्थापन गर्ने साथै उक्त निर्णय अगामी गाउँसभाबाट अनुमोदन हुनेगरि निर्णय गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा एउटा स्थानिय लोगो बनाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ परिच्छेद-४ दफा १४ बमोजिम तपसिलको स्थानिय समिति निर्देशक समिति गर्ने निर्णय गरियो ।

तपसिल :

अध्यक्ष : श्री सन्तोष कुमार महतो (गा.पा. अध्यक्ष)

सदस्य : श्री रेखा कुमारी यादव (उपाध्यक्ष)

सदस्य : श्री अन्नतलाल यादव (वडा अध्यक्ष)

सदस्य : श्री विजय महतो (वडा अध्यक्ष)

सदस्य : श्री रंजित जंग अधिकारी (प्रमुख प्रशासकिय अधिकृत)

सदस्य सचिव : श्री योगेन्द्र यादव (रोजगार संयोजक)

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका होटेल , पसल लगायत अन्य व्यवसायहरु गाउँपालिकामा दर्ता गराई संचालन गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री शसस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बडहरीको मिति २०७७/११/०३ गते च.नं. ७२ को पत्र बमोजिम बरियारपट्टी गा.पा. १ बडहरी चौक देखि स.प्र.बल नेपाल बि.ओ.पी. बडहरी सम्म पुग्ने १४ फिटको कच्ची बाटो निर्माण गर्न भैपरी आउने पुँजिगत शिर्षक बाट रकम रु. ५००००० /- (अक्षरेपी रु. पाँच लाख) मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०७७/०७८ को गाउँ सभा बाट पारित योजना तथा कार्याक्रम PCC ढलान सडक  वडा नं. ५, गोविन्दपुरको लागि विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमको कार्यान्वयन हुने स्थान रातो किताबमा छुट भएको हुनाले उक्त योजना तथा कार्यक्रमको कार्यान्वयन हुने स्थान डिहबार थान देखि सुदिलाल यादवको घर सम्म, गोबिन्दपुर तोकिने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गा.पा.को वडा नं. १ नरगी टोलमा प्रयागी देवीको घरमा आगलगी भएकाले निजको मृत्यु समेत भएको साथै अन्य क्षती समेत भएकामा निजको छोरा बुहारी राम कुमारी देवी साहले पेश गरेको निवेदन बमोजिम निजलाई रकम रु. १००००० /- (अक्षरेपी रु एक लाख मात्र) उपयुक्त शिर्षकबाट  आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।